मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
कलैया, बारा

फोन नं.: ०५३□५५००१७
फ्याक्स नं..: ०५३□५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

## स्यालो टयुबवेल जडानका लागि आवश्यक यन्त्र उपकरणहरुको खाम्बन्दी दररेट सहित सुचिकृत हुने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०।११।०१)**

यस कृषि ज्ञान केन्द्र, बारा बाट चालू आ.ब. २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्यालो टयुबवेल जडान गर्ने कार्यक्रमका लागि भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश (मा. मन्त्रीस्तरीय) निर्णयानुसार लागु भएको स्यालो टयुबवेल/पम्पसेट/मोटर/ईनार कार्यक्रम संचालन विधी, २०७७ बमोजिम योग्यता पुगेका ईच्छुक कृषि यन्त्र उत्पादन, आपुर्तिकर्ता, वितरकहरुबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन अर्थात मिति २०८०।१२।०१ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा खामबन्दी दररेट पेश गर्न सूचित गरिन्छ। रीतपुर्वक समयभित्र प्राप्त शिलबन्दि प्रस्ताव सोही दिन (२०८०।१२।०१) दिनको २:०० बजे आपुर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा शिलबन्दि प्रस्ताव खोलिनेछ। आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दि प्रस्ताव खोल्न बाधा पर्ने छैन। साथै यस कार्यालयबाट उपलब्ध हुने निर्दिष्ट फाराम कार्यालयको वेबसाईट http://bara.akc.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ।

**आवश्यक कागजात तथा शर्तहरु**

१. फर्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि,
२. फर्म नवीकरणको प्रमाणको प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने,
३. PAN / VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
४. पछिल्लो तीन आ.ब. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी (सम्बन्धित कामको अनुभव ३ वर्षको हुनुपर्ने)
५. पछिल्लो आ.ब. अर्थात आ.ब. २०७९।८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
६. कार्यालयले उपलब्ध गराएको निर्दिष्ट फाराम (पूर्णरुपमा भरिएको)

जितेन्द्र यादव
प्रमुख (दशौं तह)

७. आपुर्तिकर्ताले आपूर्ति गर्न सक्ने स्यालो टयुबवेल जडानका यन्त्र उपकरणको परिमाणको कुल रकमको न्युन्तम ५ % बराबरको १३ महिना सम्म म्याद भएको सक्कल बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस कार्यालयको कार्यालय कोड नं. ३१२०१२१०१२ तथा रा. बा. बैंक, कलैया (बारा) को धरौटी खाता नं. १२६०१००२०२०३०००० मा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ ।

८. सुचिकृत भएको आपुर्तिकर्ताले प्रस्तावमा पेश गरेका यन्त्र उपकरणहरुलाई किसिम (Type), क्षमता (Capacity), मोडेल (Model), ब्राण्ड (Brand), र स्पेशिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुलाई समुहकृत गरी उक्त समुहमा परेको न्युनतम मूल्य (Lower Rate) लाई आधार मानी मूल्य तोकिनेछ। छनौट भएका अनुदानग्राहीहरुले आफूले रुचाएको स्यालो टयुबवेल जडानका यन्त्र उपकरणहरु सुचिकृत भएका आपुर्तिकर्ताबाट सम्बन्धित यन्त्र उपकरणहरु खरिद गर्नेछन्।

९. यस कार्यालयको स्वीकृत कार्यक्रमहरुको विनियोजित रकमको अधिनमा रहि अनुदानग्राहीबाट माँग भएको स्यालो टयुबवेल जडानका लागि यन्त्र उपकरणहरु आपुर्ति गर्नुपर्नेछ। यसरी आपुर्ति गर्दा अनुदानग्राहीबाट शत प्रतिशत रकम लिई सो यन्त्र उपकरणहरु उपलब्ध गराउनुपर्नेछ। अनुदान वापतको रकम अनुदानग्राहीको खातामा जम्मा हुने गरि यस कार्यालयबाट भुक्तानी हुनेछ।

जितेन्द्र यादव
प्रमुख (दशौं तह)